# स्थानीय राजपत्र

## तिनाउ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८, भाग २, संख्या ९, मिति २०८१ फाल्गुन २३ गते


## भाग-२

## तिनाउ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, दोभान, पाल्पा

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तपशिल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**तिनाउ गाउँपालिकाको कार्यसञ्चालन** (प्रथम संशोधन) **निर्देशिका, २०८१**

तिनाउ गाउँपालिकाको कार्य सञ्चालनलाई थप प्रभावकारी बनाउन, निर्देशित गर्न तथा सुशासन कायम गर्न तिनाउ गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका २०८० लाई संशोधन गर्न बान्छनिय भएकोले गाउँपालिकाको मिति २०८१।०७।०६ को निर्णय तथा तिनाउ गाउँपालिकाको प्रशासकीय कार्य तथा (नियमित गर्ने) ऐन २०७६ को दफा ४ ले दिइएको अधिकार प्रयोग गरि तिनाउ गाउँपालिकाले यी निर्देशिका जारी गरेको छ ।

१ संक्षिप्त र प्रारम्भ

क. यो निर्देशिकाको नामः तिनाउ गाउँपालिकाको कार्य सञ्चालन निर्देशिका(प्रथम संशोधन) २०८१ रहेको छ ।

ख. यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

ग. तिनाउ गाउँपालिकाको कार्य सञ्चालन निर्देशिका २०८० को परिच्छेद ७ को दफा १४ उपदफा २ (क) को अन्त्यमा सकिनेछ।"तर कुनै प्रशिक्षकबाट चार सेसनसम्म कक्षा सञ्चालन गर्दा कार्यक्रम प्रभावकारी हुने देखिएमा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा अध्यक्षले निर्णय गरी चार सेसनसम्मको पारिश्रमिक भुक्तानी दिन सकिने छ ।" भन्ने वाक्याशं थप गरि कायम गरिएको छ ।

आज्ञाले

लेख बहादुर बस्नेत

स्वीकृत मितिः २०८१।०७।०६